# गढी गाउँपालिका

औरावनी, सुनसरी

# कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि २०७६

**प्रस्तावनाः**

हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भइरसको रोकथाम तथा नियन्त्रणको सन्दर्भमा गाउँवासीलाई सहज जीवन व्यतित गर्न आवश्यक सहजिकरण गर्नुपर्ने, अति विपन्न, गरिब, असहाय तथा अशक्तहरुको दैनिक जीविकोपार्जनका लागि अत्यावश्यक सेवा र वस्तु उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा भएको व्यवस्था अनुसार **गढी गाउँपालिका राहत कोष**को गठन संचालन कार्यान्वियन गर्ने सम्बन्धी कार्यविधि २०७६ मिति २०७६/१२/१९ को गढी गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि २०७६" रहेको छ ।

ख. यो कार्यविधि गढी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

ग. यो कार्यविधि मिति २०७६/१२/१९ बाट लागू हुनेछ ।

**२. परिभाषाः**

क. कोरोना भन्नाले विश्व स्वास्थ्य संगठनले महामारीको रुपमा परिभाषित गरेको कोरोना भाइरस (COVID 19) लाई बुझिन्छ ।

ख. राहत भन्नाले यस कार्यविधिको मापदण्डमा पर्न अति विपन्न गरिब अशक्त र असहायलाई उपलब्ध गराउने अत्यावश्यक सेवा र वस्तुलाई बुझिन्छ ।

ग. कोष भन्नाले कोरोना भाइरस संक्रमण रोकथाम र राहत व्यवस्थापनका लागि नगरपालिकाले स्थापना गरेको कोषको खातालाई बुझिन्छ ।

**३. राहत कोषमा प्राप्त हुने रकमः**

क. गाउँपालिकाबाट जम्मा गरिने रकम

ख. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त रकम

ग. विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त रकम

घ. राष्ट्रिय तथा अन्तरराष्ट्रिय दाताहरुबाट प्राप्त सहयोग रकम

**४. अति विपन्न गरिब, असहाय र अशक्त पहिचानका मापदण्डहरुः**

क. दैनिक ज्यालादारी, मजदुरी गरी जीविकोपार्जन गर्ने व्यक्ति वा परिवार

ख. अशक्त, अपाङ्ग घरमुली भई दैनिक अत्यावश्यक वस्तु हुन नसक्ने परिवार

ग. सिमान्तकृत समुदाय भित्र पर्ने विपन्न परिवार जसको घरमा ७ दिनलाई समेत पुग्ने खाद्य सामाग्री नभएको अवस्था ।

५. कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष २०७६ संचालन तथा कार्यान्वियनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय समिति रहनेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | संयोजक |
| ख. उपाध्यक्ष | सह संयोजक |
| ग. सवै वडा अध्यक्षहरु | सदस्य |
| घ. कार्यपालिका सदस्यहरु | सदस्य |
| ङ. मान्यता प्राप्त राजनैतिक दलका गाउँ प्रमुखहरु | सदस्य |
| च. स्थानीय समाजसेवी/विषयविज्ञ/दाता मध्येबाट | |

गाउँपालिका अध्यक्षले तोकेका ३ जना — सदस्य
छ. स्थानीय रेडक्रस सभापति — सदस्य
ज. प्रमुख प्रशासकिय अधिकृत — सदस्य सचिव

६. **गाउँपालिका स्तरीय समितिको कार्य विवरणः**

क. संघीय सरकार तथा प्रदेश सरकारले यस विषयमा गरेका निर्णय तथा निर्देशनहरुलाई परिपालन तथा कार्यान्वयन गर्ने/गराउने ।
ख. सर्वदलीय समितिलाई परिचालन गरी गाउँपालिका भित्र रहेका अति विपन्न, गरिब, असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणिकरण गर्ने ।
ग. प्रमाणिकरण गरिएका व्यक्ति तथा परिवारलाई आवश्यकता र समितिको निर्णयानुसार राहत प्याकेज उपलब्ध गराउने ।
घ. राहत प्याकेजको वितरण प्रभावकारी अनुगमन गर्ने । सो कार्यमा सर्वदलीय समितिलाई समेत सहभागिता गराउने ।
ङ. एकद्वार प्रणालीबाट विभिन्न संघ संस्था तथा दाताहरुले दिने सहयोग स्वीकार गरी वितरणको व्यवस्थापन गर्ने ।

७. **सल्लाहकार समिति गठन गर्नेः**

क. गाउँपालिका भित्र कार्यक्षेत्र भएका सवै संघीय सांसदज्यूहरु — सदस्य
ख. गाउँपालिका भित्र कार्यक्षेत्र भएका सवै प्रदेश सांसदज्यूहरु — सदस्य
ग. गाउँपालिका भित्र कार्यक्षेत्र भएका सवै संविधान सभा सदस्यज्यूहरु — सदस्य
घ. ज्येष्ठ सदस्य सल्लाहकार समितिको संयोजकको रुपमा रहने

८. **वडा स्तरीय राहत व्यवस्थापन समिति**

क. वडा अध्यक्ष — संयोजक
ख. वडा सदस्यहरु — सदस्य
ग. राजनीतिक दलका वडा प्रमुख — सदस्य
घ. स्थानीय प्रहरी प्रमुख — सदस्य
ङ. सम्बन्धित वडाको स्वास्थ्य संस्थाका प्रमुख — सदस्य
च. वडा सचिव — सदस्य सचिव

वडा स्तरीय राहत व्यवस्थापन समितिको कार्य विवरण

- सर्वदलीय समितिलाई परिचालन गरी वडा भित्र रहेका अति विपन्न गरिब असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणिकरणका लागि गाउँपालिका स्तरीय समितिमा सिफारिस गर्ने ।
- प्रमाणिकरण गरिएका व्यक्ति तथा परिवारलाई आवश्यकता र समितिको निर्णयानुसार वडामा प्राप्त भएको राहत प्याकेज सम्बन्धित व्यक्ति वा परिवारलाई उपलब्ध गराउने ।
- राहत प्याकेजको वितरणको कार्यमा सर्वदलीय समितिलाई समेत सहभागिता गराउने ।

९. गाउँपालिका स्तरीय समितिलाई सहयोग गर्न देहाय बमोजिमको सचिवालय गठन गर्ने र उक्त सचिवालयले गाउँपालिका स्तरीय समितिको वैठक बस्न नसकेको अवस्थामा गाउँपालिका स्तरीय समितिमा अनुमोदन गर्ने गरी सम्पूर्ण कार्य गर्न सक्नेछ ।

क. अध्यक्ष — संयोजक
ख. उपाध्यक्ष — सदस्य
ग. मनोनित का.पा.को सदस्य २ जना — सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

१०. **कोषको खाता संचालनः**

यस कोषको खाता कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष २०७६ को नाममा रहने छ र उक्त बैंक खाता प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा अधिकृत वा लेखापालको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

११. **राहत स्वरुप प्राप्त जिन्सी सामाग्री व्यवस्थापन सम्बन्धी कार्यः**


- विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त हुने जिन्सी राहत प्याकेजहरु गाउँपालिका कार्यालयमा भण्डारण गर्ने ।
- गाउँपालिकामा भण्डारण गरिएको सामानलाई गाउँपालिकाका चौकीदार तथा स्थानीय प्रहरीले सुरक्षा दिने ।
- राहत सामाग्री ग्रहण, भण्डारण र वितरणको कार्यको लागि गाउँपालिकाको जिन्सी शाखालाई जिम्मेवारी दिने ।

१२. सम्बन्धित समितिहरुले उपसमिति गठन गरी कार्यलाई सहजिकरण गर्न सक्नेछ ।

१३. यस समितिको छुट्टै छाप हुनेछ ।

१४. यस कार्य विधिमा थपघट वा संशोधन गर्नुपर्ने भएमा माथि उल्लेखित गाउँपालिका स्तरीय समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

१५. सर्वदलीय समितिको सिफारिसलाई वडा अध्यक्षले प्रमाणित गर्नुपर्नेछ । नामावली प्रमाणित सम्बन्धमा कुनै विवाद भएमा सर्वदलीय समितिले सहजीकरण गर्नु पर्नेछ।



आज मिति २०७६।१२।१८गते मंगलबार यस गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा यस गढी गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद यादव ज्यूको अध्यक्षतामा देहाय वमोजिमको उपस्थितिमा कार्यपालिकाको अढ्चालिसौं(४८औं) वैठक वसियो ।

| | |
|---|---|
| १. अध्यक्ष श्री श्री प्रसाद यादव | गढी गाउँपालिका |
| २. उपाध्यक्ष श्री राजकुमारी चौधरी | गढी गाउँपालिका |
| ३. वडा अध्यक्ष श्री शंकर प्रसाद चौधरी | गढी गाउँपालिका |
| ४. वडा अध्यक्ष श्री अरुण कुमार चौधरी | गढी गाउँपालिका |
| ५.वडा अध्यक्ष श्री टुनालाल चौधरी | गढी गाउँपालिका |
| ६.वडा अध्यक्ष श्री रामचन्द्र महतो | गढी गाउँपालिका |
| ७.वडा अध्यक्ष श्री सुगना कामद | गढी गाउँपालिका |
| ८..वडा अध्यक्ष श्री बन्धुलाल सरबरिया | गढी गाउँपालिका |
| ९. सदस्य श्री हरिलाल उरावँ | गढी गाउँपालिका |
| १०. सदस्य श्री सूर्य नारायण ठाकुर | गढी गाउँपालिका |
| ११. सदस्य श्री अमिन कुमारी थरुनी | गढी गाउँपालिका |
| १२.सदस्य श्री मान कुमारी थरुनी | गढी गाउँपालिका |
| १३. सदस्य श्री सोनिया देवी सरदार | गढी गाउँपालिका |
| १४. सदस्य श्री मालती कुमारी राम मोचि | गढी गाउँपालिका |
| १५. स. सचिब श्री प्रमोद कुमार चौधरी | गढी गाउँपालिका |

**आमन्त्रित:**

| | |
|---|---|
| १. ले.अ.श्री दिल बहादुर खड्का | गढी गाउँपालिका |
| २. नेकपा अध्यक्ष श्री खगेन्द्र चौधरी | गढी गाउँपालिका |
| ३.नेका प्रतिनिधि श्री युवराज चौधरीगढी गाउँपालिका | |
| ४.संघिय समाजवादी प्रतिनिधि श्री हरीशंकर कर्ण | गढी गाउँपालिका |
| ५. स्वा.संयोजक श्री राजेन्द्र यादव | गढी गाउँपालिका |
| ६. ना.सु. श्री हरेराम साह | गढी गाउँपालिका |
| ७. का.अ. ध्रुव नारायण चौधरी | गढी गाउँपालिका |
| ८. वडा सचिव श्री लिलानाथ कोइराला | गढी गाउँपालिका |
| ९.वडा सचिव श्री सत्रुध्न श्रेष्ठ | गढी गाउँपालिका |
| १०. वडा सचिव श्री श्याम कुमार साह | गढी गाउँपालिका |
| ११. वडा सचिव श्री शिवदयाल साह | गढी गाउँपालिका |
| १२. वडा सचिव श्री श्याम कुमार साह | गढी गाउँपालिका |
| १३. प्रमुख श्री | |

**प्रस्तावहरुः**

१) कोराना संकमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि,२०७६ सम्बन्धमा ।

२) कोराना संकमण रोकथाम तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

३) कोराना संकमण रोकथाम तथा व्यवस्थापन कोष सम्बन्धमा ।

४)राहत वितरण प्याकेज सम्बन्धमा ।

**निर्णयहरुः-**

**निर्णय नं.१ः**

प्रस्ताव नं.१ माथि छलफल गर्दा कोराना संकमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि,२०७६ सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ः**

प्रस्ताव नं.२ माथि छलफल गर्दा तपसिल बमोजिमको कोराना संकमण रोकथाम तथा व्यवस्थापन समितिसर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | |
|---|---|
| १)गाउँपालिका अध्यक्ष | संयोजक |
| २)गाउँपालिका उपाध्यक्ष | सह-सहसंयोजक |
| ३) सम्पूर्ण वडाका वडा अध्यक्ष | सदस्य |
| ४) कार्यपालिका सदस्यहरु | सदस्य |
| ५) सम्पूर्ण राजनितिक दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ६)उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ७)इलाका प्रहरी कार्यालय,छिटाहाका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ८) भमरी प्रहरी चौकीका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ९) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**प्रस्तावहरु:**

१) कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि,२०७६ सम्बन्धमा ।

२) कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन समिति गठन सम्बन्धमा ।

३) कोराना संक्रमण रोकथाम तथा व्यवस्थापन कोष सम्बन्धमा ।

४) राहत वितरण प्याकेज सम्बन्धमा ।

**निर्णयहरु:-**

**निर्णय नं.१:**

प्रस्ताव नं.१ माथि छलफल गर्दा कोराना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष गठन तथा संचालन कार्यविधि,२०७६ सर्वसम्मत रुपले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:**

प्रस्ताव नं.२ माथि छलफल गर्दा तपसिल बमोजिमको कोराना संक्रमण रोकथाम तथा व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मत रुपले निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| १)गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सह-सहसंयोजक |
| ३) सम्पूर्ण वडाका वडा अध्यक्ष | सदस्य |
| ४) कार्यपालिका सदस्यहरु | सदस्य |
| ५) सम्पूर्ण राजनितिक दलका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ६)उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ७)इलाका प्रहरी कार्यालय,छिटाहाका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ८) भमरी प्रहरी चौकीका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ९) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं.३:**

प्रस्ताव नं.३ माथि छलफल गर्दा **"गाउँपालिका स्तरीय कोराना संकमण रोकथाम तथा व्यवस्थापन कोष"** स्थापन गर्ने तथा सो कोष व्यवस्थापन गर्नका लागि तपसिल बमोजिम गाउँपालिका स्तरीय राहतकोष व्यवस्थापन समिति गठन गर्ने सर्वसम्मत रुपले निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका अपाध्यक्ष | सदस्य |
| वडा नं.१ देखि ६ सम्मका वडा अध्यक्षहरु | सदस्य |
| कार्यपालिकाका सदस्यहरु | सदस्य |
| लेखा अधिकृत | सदस्य |

सिद्धार्थ बैंक औरावनीमा **"गाउँपालिका स्तरीय कोराना संकमण रोकथाम तथा व्यवस्थापन कोष"** खाता खोल्ने निर्णय गरियो । उक्त खातामा प्रमुख प्रशासकीय अधिकृत श्री प्रमोद कुमार चौधरी र लेखा अधिकृत श्री दिल बहादुर खड्काको अनिवार्य दस्तखतबाट संचालन हुने व्यवस्था मिलाउने निर्णय गरियो । उक्त कोषमा अध्यक्ष तथा उपाध्यक्षको १(एक) महिना तथा अन्य जनप्रतिनिधिहरुको १५(पन्ध्र) दिन वापतको सुविधा,निजामति तर्फका अधिकृत स्तरका सम्पूर्ण कर्मचारीहरुको ७ दिन बराबरको तलब र सहायक स्तरका सम्पूर्ण कर्मचारीहरुको ३ (तिन) दिन बराबरको तलब भत्ता जम्मा गर्ने निर्णय गरियो । करार तर्फ र स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुले सो कोषमा रकम स्वेच्छाले जम्मा गर्न सक्ने समेत साथै सम्पूर्ण व्यक्ति तथा संघ संस्थाहरु,सामुदायिक विद्यालयहरु, संस्थागत विद्यालयहरु,व्यापारिहरु,शिक्षकहरु तथा सम्पूर्ण गाउवासीहरुलाइ उक्त कोषमा रकम तथा जिन्सी समाग्री गाउँपालिकामा जम्मा गर्नका लागि आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्रका गरिब,विपन्न तथा श्रमिक व्यक्तिहरुमा कोरोना भाइरसको कारणले खाद्यान्नको अभाव भई भोकमरी आउन सक्ने अवस्थालाइ मध्यनजर गरि तपसिल बमोजिम मापदण्डको आधारमा खाद्यान्न उपलब्ध गराउने निर्णय गरियो ।

१) भुमिहिन,सुकुम्बासी तथा दैनिक ज्यालादारिमा जिविकोपार्जन गरेको परिवार हुनु पर्ने ।

२) दिगो आम्दानीको स्रोत नभएको वा परिवारमा कोही रोजगारीमा नरहेको हुनुपर्ने ।

३) सम्बन्धित वडाका वडा अध्यक्षले कुनै परिवारमा खाद्यान्न मौज्दातमा रहे नरहेको यकिन गरी राहत उपलब्ध गराइने ।

४) प्रति परिवारलाई साबुन १,चामल २० के.जी.,नुन १ पाकेट,चाउचाउ २ प्याकेट,दाल १ के.जी.को प्याकेज उपलब्ध गराउने सर्वसम्मतीले निर्णय गरियो ।